प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

फोन:०५७-५२४८३५
०५७-५२४८३६
फ्याक्स: ०५७-५२४८३६
इमेल: p3mosd@gmail.com

प.सं. : 076/077
च.नं. : 2892

मिति: २०७७/०३/३१

**विषय: एक विद्यालय एक नर्स कार्यक्रम सम्बन्धमा।**

श्री स्थानीय तह सबै,
बागमती प्रदेश।

प्रस्तुत विषयमा आ.व. २०७५/०७६ मा नमुना कार्यक्रमको रुपमा प्रदेशको १३ वटा जिल्लाका २० सरकारी माध्यामिक विद्यालयबाट सुरुवात गरिएको एक विद्यालय एक नर्स कार्यक्रम आ.व. २०७६/७७ मा थप १०१ विद्यालयमा कार्यान्वयन गरी बागमती प्रदेशको सबै ११९ वटै स्थानीय तहमा विस्तार गरिएको व्यहोरा अवगत नै छ। प्रदेश सरकारबाट आ.व. २०७७/०७८ को स्वीकृत नीति तथा कार्यक्रममा एक विद्यालय एक नर्स कार्यक्रमलाई निरन्तरता दिदैं थप सरकारी माध्यामिक विद्यालयहरुमा विस्तार गर्ने उल्लेख भए बमोजिम प्रदेश भित्र रहेका सबै स्थानीय तहमा सञ्चालनमा रहेको सो कार्यक्रमलाई निरन्तरता दिई थप २ (दुई) सरकारी माध्यामिक विद्यालयमा कार्यान्वयन गर्न अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत सबै स्थानीय तहमा बजेट विनियोजन भई प्रदेश सभाबाट स्वीकृत समेत भइसकेको हुँदा सो कार्यक्रमलाई निरन्तरता एवं विस्तार गरी प्रभावकारी रुपमा कार्यान्यवन गर्न देहाय बमोजिमको व्यवस्थाका लागि यस मन्त्रालयको मिति २०७७/०३/३१ (मा. मन्त्री स्तर) को निर्णयानुसार अनुरोध छ।

**देहाय**

१) आ.व. २०७६/०७७ मा एक विद्यालय एक नर्स कार्यक्रम अन्तर्गत विद्यालयमा कार्यरत विद्यालय नर्सहरुलाई आ.व. २०७७/०७८ मा समेत सोही विद्यालयमा प्रचलित नियमानुसार स्थानीय तहबाट निरन्तरता दिने।

२) आ.व. २०७७/०७८ मा थप हुने विद्यालयका लागि एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार विद्यालय नर्स छनौट गरी पठाइने भएकोले सो को पदपूर्ति स्थानीय तहबाट नगर्ने।

३) विद्यालय नर्सको विदाको हकमा सम्बन्धित विद्यालयको सिफारिसमा एक शैक्षिक सत्रको विदा अर्को शैक्षिक सत्रमा सञ्चित भएर नजाने गरी करार शिक्षकले पाउने सरहको विदा स्थानीय तहले स्वीकृत गर्ने।

२०७७/३/३१
..........................
सतिश विष्ट
व. ज. स्वा. प्र